# नयाँ कोरोना भाइरसबाट संक्रमण भएको व्यक्तिलाई

**नयाँ कोरोना भाइरसबाट संक्रमण भएको खण्डमा**
**स्वास्थ्य केन्द्रले अस्पताल, घर वा होटलमा बसेर स्वास्थ्यलाभ गर्नको लागि समायोजन गर्नेछ, त्यसैले निर्देशन अनुसार गर्नुहोला**

**PCR, एन्टिबडी परीक्षण आदि पोजिटिभ**

हल्का लक्षण, लक्षण छैन

**होटल वा घरमा बसेर स्वास्थ्यलाभ**
स्वास्थ्य केन्द्रले स्वास्थ्य अवस्थाको जानकारी लिनेछ
- बिहान, बेलुकी ज्वरो नाप्नुस
- दिनदिनै लक्षण देखिएको छ कि आफ्नो स्वास्थ्यको अवस्था अवलोकन गर्नुस

डाक्टरले अस्पताल भर्ना हुनु पर्छ भनेर निर्णय

स्वास्थ्य अवस्था बिग्रेमा

**अस्पताल भर्ना हुन सल्लाह (सरूवा रोग कानुन अनुसार)**

- स्वास्थ्य केन्द्रले गर्ने **महामारी विज्ञान अनुसन्धान** (लक्षण अवलोकन, कहिले कहाँ गयो, भटेघाट गरेको व्यक्ति आदिको बारेमा सोधपुछ) मा सहयोग गर्न अनुरोध गर्दछौं । व्यक्तिगत विवरण गोप्य राखिने छ ।
- संक्रमण फैलिन नदिनको लागि सरुवा रोग कानुन बमोजिन **काममा जान रोक लगाइन्छ** ।
- अस्पतालको भर्ना खर्च **सरकारले व्यहोर्छ** । आम्दानी अनुसार आफूले एक अंश तिर्नुपर्ने पनि हुनसक्छ ।

## डिस्चार्ज हुन र काममा जान रोक लगाइएको हटाउनको लागि मापदण्ड



**लक्षण भएको व्यक्ति**

①बिरामी भएको दिन वा परीक्षणको लागि नमूना संकलन गरेको दिन बाट १० दिन बितिसकेको, साथै लक्षण कम भएको ७२ घण्टा बितिसकेको हुनुपर्छ

② बिरामी भएको दिन बाट १० दिन बित्नु अगावै लक्षण कम भएर आएको अवस्थामा, लक्षण कम भएको २४ घण्टा बितिसकेपछि , २४ घण्टा भन्दा बढीको अन्तराल राखेर २ पटक PCR परीक्षणको नतिजा नेगेटिभ भएको हुनुपर्छ

**लक्षण नदेखिएको तर संक्रमित व्यक्ति**

①परीक्षणको लागि नमूना संकलन गरेको दिन बाट १० दिन बितिसकेको

②परीक्षणको लागि नमूना संकलन गरेको दिन बाट ६ दिन पछाडि, तथा २४ घण्टाको अन्तरालमा २ पटक PCR परीक्षण गरेर नेगेटिभ भएको हुनुपर्छ

## स्वास्थ्य सम्बन्धित चिन्ता भएमा परामर्शको लागि



________________________ **मा सम्पर्क गर्नुहोस।**

(सोमवार बाट शुक्रवार) ________________

(राति तथा बिदाको दिन) ________________